आज मिति २०७४ श्रावण १९ गत, बिहिबारका दिन यस दक्षिणकाली नगरपालिकाका नगर प्रमुख श्री मोहन बस्नेतज्यूको अध्यक्षतामा नगर कार्यपालिकाका तपसिल बमोजिमका सदस्यज्यूहरुको उपस्थितिमा सातौं बोर्ड बैठक बसो निम्नानुसार प्रस्तावहरु उपर छलफल गरि देहाय बमोजिमका निर्णयहरु गरियो ।

| उपस्थिति :- | | | पदाधिकारी | हस्ताक्षर |
|---|---|---|---|---|
| १. | नगर प्रमुख श्री मोहन बस्नेत | - | अध्यक्ष | |
| २. | उप-नगर प्रमुख श्री बसन्ती तामाङ (डंगोल) | - | सदस्य | |
| ३. | १ नं. वडाका वडा अध्यक्ष श्री जय थापामगर | - | सदस्य | |
| ४. | २ नं. वडाका वडा अध्यक्ष श्री रामचन्द्र क्षेत्री | - | सदस्य | |
| ५. | ३ नं. वडाका वडा अध्यक्ष श्री नानी बाबु बस्नेत | - | सदस्य | |
| ६. | ४ नं. वडाका वडा अध्यक्ष श्री पुष्कर खडका | - | सदस्य | |
| ७. | ५ नं. वडाका वडा अध्यक्ष श्री श्याम बहादुर खत्री | - | सदस्य | |
| ८. | ६ नं. वडाका वडा अध्यक्ष श्री शंकर मान महर्जन | - | सदस्य | |
| ९. | ७ नं. वडाका वडा अध्यक्ष श्री हरि प्रसाद तिमल्सेना | - | सदस्य | |
| १०. | ८ नं. वडाका वडा अध्यक्ष श्री राज कुमार लामा | - | सदस्य | |
| ११. | ९ नं. वडाका वडा अध्यक्ष श्री अमृका बलामी | - | सदस्य | |
| १२. | दलित वा अल्पसंख्यक सदस्य श्री रमा पहरी | - | सदस्य | |
| १३. | दलित वा अल्पसंख्यक सदस्य श्री गारी नेवा पोडे | - | सदस्य | |
| १४. | दलित वा अल्पसंख्यक सदस्य श्री राजेश परियार | - | सदस्य | |
| १५. | महिला सदस्य श्री लक्ष्मी भण्डारी | - | सदस्य | |
| १६. | महिला सदस्य श्री कविता खत्री | - | सदस्य | |
| १७. | महिला सदस्य श्री शारदा आचार्य | - | सदस्य | |
| १८. | महिला सदस्य श्री निर्मला मंग्राती | - | सदस्य | |
| १९. | महिला सदस्य श्री मिना मगर | - | सदस्य | |
| २०. | कार्यकारी अधिकृत श्री सुशीला पौडेल (ढकाल) | - | सदस्य सचिव | |

आमन्त्रित :-

| | | | |
|---|---|---|---|
| २१. | श्री विष्णु बहादर के.सी. | - | लेखा अधिकृत |
| २२. | श्री मनोज बुढाथोकी | - | सिभिल इन्जिनियर |
| २३. | श्री सुरोज श्रेष्ठ | - | कम्प्युटर अपरेटर |

प्रस्तावहरु:

१) फोहारमैला व्यवस्थापन सम्बन्धमा ।

२) बाटोको मापदण्ड सम्बन्धमा ।

३) भूकम्प पाडितहरुको गुनासो व्यवस्थापन सम्बन्धमा ।

४) विविध ।

निर्णयहरु :

प्रस्ताव नं. १ का सम्बन्धमा छलफल गर्दा देहाय बमोजिमका पदाधिकारीहरु रहने गरी अधिकार सम्पन्न फोहार मैला व्यवस्थापन समिति गठन गर्ने निर्णय गरियो ।

अ) श्याम बहादर खत्री - संयोजक

आ) हरि प्रसाद तिमिल्सेना - सदस्य

इ) राजकुमार लामा - सदस्य

ई) शंकरमान मर्हजन - सदस्य

**समितिको कार्य क्षेत्र**

क) फोहरमैला व्यवस्थापनको लागी तत्कालिन, अल्पकालिन र दिर्घकालिन रणनीति तय गर्ने ।

ख) डम्पिङ्ग साईड (फोहार बिर्सजन ठाउँ) खोजी गर्ने । उपयुक्त कामको प्रतिवदन ३ दिन भित्र नगर प्रमुखज्यू समक्ष पेश गर्ने ।

प्रस्ताव नं २ का सम्बन्धमा छलफल गर्दा घर नक्सा पास गर्नको लागी निम्नानुसारको बाटोका मापदण्ड लगाई नक्सा पास गर्ने निर्णय गरियो ।

**अ) केन्द्रबाट १० मि. दायाँ बायाँ मापदण्ड:**

क) बल्खु दक्षिणकाली मन्दिर सडक खण्ड) - वडा नं १, २, ३, ४, ५, ६, ७ र ८

**आ) केन्द्रबाट ७.५ मि. दायाँ बायाँ मापदण्ड:**

क) दक्षिणकाली मन्दिरबाट छैमले कुलेखानीसम्म - वडा नं ६ र ८

ख) फर्पिङ बसपार्क देखी टल्कु हुमाने बाटोसम्म - वडा नं ५, ६ र ९

ग) चाल्नाखेल, ग्वालदह पावरहाउस हदै वडा नं २ सिमानासम्म - वडा नं १, २ र ३

**इ) केन्द्रबाट ५ मि. दायाँ बायाँ मापदण्ड:**

क) खहरे बोसन हदै चम्पादेबी पाउ मोटरबाटो - वडा नं १

ख) दक्षिणकाली खोला हुदै युटिकी सिम्पानी निस्कने मोटर बाटो - वडा नं ७ र ८

ग) दक्षिणकाली गेट, कोपु हुदै वडा नं २ र ७ को सिमानासम्म - वडा नं ७

घ) दक्षिणकाली गेट, युटिकी हुदै वडा नं २ र ७ को सिमानासम्म - वडा नं ७

ङ) चाल्नाखेल प्रा.वि, कुसले गाउँ हुदै बोसन जाने मोटरबाटोसम्म- वडा नं १

च) ग्वालदह पिपलबोट हुदै खोकना जोडने पुलसम्म - वडा नं २

छ) गोपालेश्वरको मनमोहन स्मृति सामुदायिक अस्पताल अगाडीबाट बैरी जाने बाटो - वडा नं ६ र ७

ज) एकान्तकुना मकुबेसी मोटरबाटो - वडा नं ८

झ) टल्कु, डाडाखेल मोटरबाटो - वडा नं ७ र ८

ञ) छैमले, राम्चे भञ्ज्याङ्ग हुदै हुमाने मोटरबाटो - वडा नं ८ र ९

ट) नपु खार्पा मोटरबाटो - वडा नं ९

**इ) केन्द्रबाट ३.५ मि दायाँ बायाँ मापदण्ड :**

क) घ्याम्पादेबी, राम्चे मोटरबाटो - वडा नं ८

ख) खानी, सिमपानी मोटरबाटो - वडा नं ८

ग) सितलचोक, जाती पोखरी मोटरबाटो - वडा नं ८

घ) लाकुरीबोट देखी भण्डारखर्क जाने मोटरबाटो - वडा नं ८

ङ) सितलचोक, अखौली देखी हिले जाने मोटर बाटो - वडा नं ८

च) धोर्ले खोला, बाघपाङले जाने मोटर बाटो - वडा नं ८

**उ) गोरेटो बाटोहरुको हकमा केन्द्रबाट १.५ मि. दायाँ बायाँ मापदण्ड:**

वडा नं ७ अर्न्तगत भैरबको घरबाट बिदुर ढुङ्गेलको घर सम्म र शिव अर्यालको घरबाट जनक दाईको घर सम्मको बाटोलाई पनि गोरेटो बाटाको मापदण्ड लगाउने ।

**नक्सा पास सम्बन्धी अन्य निर्णयहरु :**

क) नगरपालिका हुनु भन्दा अगाडी नै कित्ताकाट भएका २ आना २ पैसा भन्दा कम भएको जग्गामा पनि नक्सा पास गर्ने ।

ख) पुराना दर्ता भएका तथा नभएका भएतापनि बनिसकेका भवनहरुको हकमा नक्सा अभिलेखिकरण गर्ने र अभिलेखिकरण प्रमाण-पत्र बितरण गर्ने । भवन अभिलेखिकरण गर्न आउनको लागि सूचना प्रकाशित गर्ने र तोकिएको म्याद भित्र अभिलेखिकरण गर्न आउनेलाई लाग्ने दस्तुरमा १० प्रतिशत छुट र तोकिएको समयमा भवन अभिलेखिकरण गर्न नआउनेलाई २५ प्रतिशत जरिवाना गरिनेछ ।

ग) पुराना बस्ती क्षेत्रमा २ आना भन्दा कम क्षेत्रफल भएको जग्गाको लागी FAR (floor Area Ratio ) ३ राखेर घर निर्माण गर्न सकिने ।

घ) पुरानो बस्ती क्षेत्रमा पुरानो घरले चर्चेको क्षेत्रफलमा भवन निर्माण गर्न पाईन । सो क्षेत्रमा भवन बनाउँदा बाटो पट्टीको सेट ब्याक नहुने तर पेटी वा बरन्डा राख्नका निम्ति उक्त संरचनाले आगटने ठाउँ छाडेर बनाउन पाईने।

ङ) अर्ध व्यापारिक, आवासिय (केही कोठामा सटर भएको ) भवनको हकमा नक्सा पास दस्तुरमा आवासिय भवनको

दस्तुरमा ५० प्रतिशतले बृद्धि गर्ने ।

च) चालु सडकको चौडाई भन्दा बाहिरको तर सडकको मापदण्ड भित्र पर्ने जग्गामा संरचना निर्माण गर्नु पर्ने भएमा उक्त सडक बिस्तार गर्दा निर्माण गरिएका संरचना हटाउने सर्तमा अस्थायी प्रकार (Flexible Roofing) का संरचना निर्माण गर्ने स्वीकृति दिने ।

**प्रस्ताव नं ३ का सम्बन्धमा छलफल गर्दा**

क) मापदण्ड नपुगेका भकम्प पाडितहरुले बनाएका घर कति छ एकिन गर्ने ।

ख) भवन निर्माण स्वीकृति बिना भवन निर्माण गर्ने भुकम्प पिडितका सम्बन्धमा वडाका निर्बाचित जनप्रतिनिधी र नगरपालिकाबाट तोकिएका प्राबिधिक सहितको समिति गठन गरी स्थलगत निरिक्षण गर्न लगाउने र मापदण्ड अनुरुप नबनेका भवनहरुलाई प्राबिधिक सुझाब सहित मापदण्डको दायरमा ल्याउन पहल गरी नक्सा पास प्रकृयामा ल्याउने ।

ग) भुकम्प पाडितहरुको पुन सर्वेक्षणको लागी भुकम्प प्राधिकरणलाई ताकेता गर्ने कार्य गर्नुका साथै गुनासो संकलन गर्ने र दोस्रो किस्ताको रकम उपलब्ध गराउनका लागी पनि Focal Person सिभिल ईन्जिनियर मनोज बुढाथोकीलाई समन्वय गर्ने जिम्मेवारी दिने ।

**प्रस्ताव नं ४ का सम्बन्धमा छलफल गर्दा निम्नानुसारको निर्णयहरु गरियो ।**

क) यस दक्षिणकाली नगरपालिका भित्र रहेका प्राकृतिक, सांस्कृतिक, ऐतिहासक र धार्मिक सम्पदाको उपयोग गदै सम्भाव्यता पहिचान गरी कृषि, औद्यागिक एवं सेवाजन्य उद्योगसंग अन्तर सम्बन्ध बढाउदै आर्थिक रुपान्तरण गर्ने उद्देश्यले अन्तरक्रिया कार्यक्रम संचालन गर्नका लागी रू. १०,००,०००/-(अक्षरुपी दश लाख रुपैया) रकम छुट्टाउने।

ख) आर्थिक सहयोग कोष/जन कल्याण कोष र दैबी बिपत्ति व्यवस्थापन कोषको लागी रू. १०,००,०००/- (अक्षेरुपी दश लाख रुपैया) रकम छुट्टाउने ।

ग) नगर स्तराय योजना भैपरी खर्चको लागी रू. ५०,००,०००/- (अक्षेरुपी पचास लाख रुपैया) रकम छुट्टाउने र वडा अध्यक्षको सिफारिसमा नगर प्रमुखबाट निर्णय गरी खर्च गर्ने अधिकार नगर प्रमुखलाई प्रत्यायोजन गर्ने ।

घ) यस दक्षिणकाली नगरपालिका भित्र रहेका प्रत्येक नौ वटै वडाहरुमा स्वास्थ शिबिर संचालन गर्नको लागी वडा कार्यालयबाट पायक पर्ने ठाउँको पहिचान गरी सो ठाउँसम्म आउन नसक्ने र घरमै गएर स्वास्थ्य सुबिधा उपलब्ध गराउनु पर्ने ज्येष्ठ नागरिकहरुको नाम र संख्या ३ दिन भित्र लेखी नगरपालिकामा पठाउनको लागी वडा कार्यालयहरुमा पत्राचार गर्ने ।

ङ) यस दक्षिणकाली नगरपालिका भित्र रहेका स्वास्थ्य चौकी नभएका वडाहरुमा स्वास्थ्य चौकी खोल्नको लागी जिल्ला जन-स्वास्थ्य कार्यालय काठमाडौंमा पत्राचार गर्ने ।

च) निर्बाचित महिला प्रतिनिधीहरुको नेतृत्व बिकास तथा क्षमता अभिबृद्धिका लागी ७ दिने उदघोषक तालिम संचालन गर्ने ।

छ) यस नगरपालिका क्षेत्रमा रहेका महिलाहरुका लागी आय आर्जन तालिम कार्यक्रमको संचालन गर्ने ।

ज) यस दक्षिणकाली नगरपालिकाका वडा अध्यक्ष, कर्मचारी, तथा कार्यपालिकाका सदस्यहरुलाई प्रति महिना निम्नानसारको ईन्धन खर्च दिने ।

अ) वडा अध्यक्ष - २० लि.

आ) कार्यपालिका सदस्य - १० लि.

इ) वडा कार्यालयका वडा सचिव तथा मोटर साईकल प्रयोग गर्ने नगरपालिकाका कर्मचारी - १० लि.

झ) दक्षिणकाली महिला सन्जालको मिति २०७४/०४/१२ को पत्रानुसार तीज कार्यक्रम गर्न रकम माग भएकोमा यस नगरपालिकामा भएका ६ वटा महिला संजाल, नगरपालिकाका कर्मचारी, महिला जनप्रतिनिधीहरुलाई एकै पटक समेटेर कार्यक्रम गर्ने गरो नगर उपप्रमुख मार्फत रू.५०,०००।-(अक्षेरुपी पचास हजार रुपैया मात्र) दिने ।

ञ) दक्षिणकाली नगरपालिका भित्र रहेका सार्बजनिक भवनहरु र सम्पत्तिहरुको एकिन विवरण ३ दिन भित्र माग गरी प्रत्येक वडा कार्यालयमा पत्राचार गर्ने ।

ट) यस नगर भित्र रहेका खानेपानी उपभोक्ता समितिलाई नगरपालिकामा दर्ता हुन आउनको लागी पत्राचार गर्ने ।

ठ) यस नगरपालिकाको ९ वटै वडा कार्यालयहरुमा नियमित रुपमा बेभ साईट हेरी नगरपालिकाबाट पठाईएका पत्रहरुको वेभ साईट मार्फत कायान्वयन गर्ने ।